"विविधतायुक्त मार्ई शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

.................... शाखा

दमौली, तनहुँ

गण्डकी प्रदेश, नेपाल

२०७३

मितिः २०७७/११/२३

## प्रेस विज्ञप्ति

आज मिति २०७७ फागुन २३ गते व्यास नगरपालिकाको नियमित वैठक नगरपालिकाका प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा सम्पन्न भई देहाय बमोजिमको निर्णयहरु गरियो ।

१) व्यास नगरपालिका र विभिन्न दाताहरुबाट व्यास नगरपालिका वडा नं ३ व्यास गुफामा निर्माण भएको मानवसेवा आश्रम कृयापुत्री भवन सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ खारेज गरी उक्त भवन सञ्चालन व्यवस्थापन गर्न नागरीक स्तरबाटै समिति बनाई संस्था दर्ता गरि प्रकृया अघि बढाउन व्यास नगरपालिका वडा नं २,३,४ का वडाअध्यक्षहरुको परामर्शमा ७ जनाको समिति गठन गर्ने गरि व्यास नगरपालिका वडा नं ३ निवासी एवं उक्त भवन निर्माण समितिका अध्यक्ष श्री उपेन्द्र लम्साललाई संयोजन को जिम्मा दिने निर्णय गरियो ।

२) भुमिहिन र अव्यवस्थित बसोबासीहरुको तथ्याङ्क संकलन सम्बन्धी विवरण भुमिहीन दलित ७२०, भुमिहीन सुकुम्बासी ४७८, अव्यवस्थित बसोबासीहरुको ६,१३३ समेत जम्मा ६,८५३ रहेको वैठकमा जानकारी दिइयो, साथै उक्त संकलित विवरणहरुको छानविन गरी प्रमाणीकरण गर्ने प्रकृया सम्बन्धमा भुमी सम्बन्धी जिल्ला समितिका पदाधिकारी सदस्यहरु संग अन्तरक्रिया गर्ने र प्रकृया अघि बढाउने निर्णय गरियो ।

३) विपद् सम्बन्धमा व्यास नगरपालिका भित्रका बाढीबाट विग्रीएका कुलो, बाधँ, खेतहरुको पुर्नस्थापना सम्बन्धी समितिबाट भए गरेका कार्यहरुको विवरण प्रस्तुत भई अनुमोदन गरियो । साथै घर निर्माण गर्नुपर्ने बाढी पीडितहरुको तथ्याङ्कलाई पुनः वडागत रुपमा पुनमुल्याङ्कन गरि प्रमाणीकरण गरि राहत वितरणको प्रकृया अघि बढाउने निर्णय गरियो ।

४) अन्तराष्ट्रिय नारी दिवस(मार्च ८) फागुन २४ गते आयोजना गरिएको महिला खुल्ला हाफ म्याराथन दौडका लागि १० जिल्लाका ५६ जनाको नाम दर्ता भएको र प्रशिक्षणका लागि राष्ट्रिय खेलाडी श्री रमेश भट्टचन, श्री कान्छीमाया कोजुँलाई आमन्त्रण गरिएको विवरण जानकारी गराईयो । व्यास गुफा देखी तनहुँसुर दरवार सम्म हुने उक्त म्याराथन सफल पार्न सम्पुर्ण व्यास नगर बासी, तनहुँ बासी दाजुभाई दिदि बहिनिहरुमा हार्दिक अनुरोध गर्ने निर्णय गरिएको छ ।

५) व्यास नगरपालिकाको स्थापना दिवस चैत्र ३० गते पुर्व जनप्रतिनिधि, वर्तमान जनप्रतिनिधिहरु समेत नगरबासीहरुको सहभागितामा हालसम्म भए गरेका कार्यहरुको समिक्षा गर्दै आगामी कार्य योजना समेत जानकारी दिने गरी भव्यताका साथ मनाउने निर्णय गरियो ।

६) नयाँ वर्ष २०७८ को उपलक्ष्यमा वैशाख १ र २ गते व्यास नगरपालिका वडा नं २, ३ स्थित सफा सडक, मालपोत लाईन, उद्योग वाणीज्य संघ, अनसन चौतारी क्षेत्रमा स्थानीय सरोकारवाला हरुको पहल समेतमा सडक महोत्सव आयोजना गर्ने निर्णय गरियो ।

विशाल पण्डित
सूचना प्रविधि अधिकृत

"भूकम्प प्रतिरोधी संरचना निर्माण गरौ, सम्भावित प्रकोपबाट बचौ र बचाऔं"

Phone No. 065-560162/560163, Fax No.: 977-65-560233 Email: vyasmunicipality@gmail.com Web: www.vyasmun.gov.np

७) व्यास नगरपालिका सडक पुर्वाधार निर्माण एवं शासकीय सुधारका लागि शहरी विकास विभागसंग विश्व बैंकको सहयोगबाट प्राप्त ७५ करोड बराबरको सम्झौता सम्पन्न भएको वैठकमा जानकारी गराइयो। शहरी विकास विभाग एवं सहयोग दाता संस्थालाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

८) व्यास १० स्थित वैरेनी क्षेत्रमा जग्गा विकास आयोजनालाई व्यास नगर विकास समितिको सिफारीस अनुसार नगरपालिकाकै तर्फबाट सञ्चालन स्वीकृतीका लागि नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो।

९) व्यास नगरपालिका भित्र जग्गा सम्याउने कार्यमा व्यवस्थित गर्न आवश्यक देखीएकाले कृषि व्यवसाय सम्बन्धी उदेश्य र अन्य उदेश्य समेत एकीन गराई निस्चित दस्तुर लिई वातावरणीय असर नपर्ने गरी नियमनका साथ जग्गा सम्याउने अनुमति प्रदान गर्ने सम्बन्धी कार्यविधि पारित गरियो।

१०) व्यास नगरपालिकाको प्रस्तावमा नेपाल सरकार पर्यटन मन्त्रालयमा प्रस्तावित व्यास पराशर क्षेत्रको विकास अभियानमा महर्षी वेदव्यासको १०८ फिट अग्लो मुर्ती निर्माणमा सहभागिता समेतको रु ७ करोडको प्रस्ताव(४ करोड ५५ लाख नेपाल सरकार र २ करोड ४५ लाख न.पा समेत स्थानीय दाताहरुको लागत सहभागिता) स्वीकृत भई आएकाले उक्त मन्त्रालयलाई धन्यवाद ज्ञापन गर्दै गुरुयोजना अनुसारको ८ करोड १४ लाख ५ हजार ८१ रुपैंया १९ पैसाको टेण्डर प्रकृया ३ दिन भित्र प्रकाशन हुने गरी अगाडी बढेको वैठकमा जानकारी प्राप्त भयो।

११) अन्य विविध प्रस्तावहरु समेत वैठकमा प्रस्तुत, छलफल एवं निर्णय गरियो।

....................
विशाल पण्डित
सुचना प्रविधि अधिकृत

**विशाल पण्डित**
**सूचना प्रविधि अधिकृत**